"पाँचखाल नगर–कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमति नं. प्रदेश, नेपाल

प.सं. : ०७६।७७

च.नं. : २१९५

फोन नं. ०११-४९९४५१

फ्याक्स नं. ०११-४९९२६७

मिति : २०७६ चैत्र २३ गते

## प्रेस विज्ञप्ती

आदरणीय नगर बासी दाजुभाई तथा दिदीबहिनीहरु

विश्वमा महामारीको रुपमा देखा परेको कोभिड १९ नामको कोरेना भाईरस को संक्रमणबाट सुरक्षित रहन अपनाउनुपर्ने सावधानीका सम्बन्धमा मिति २०७६ चैत्र २३ गते यस नगरपालिकामा बसेको नगर कार्यपालिकाको बैठकले मिति २०७६ चैत्र २४ गते देखि पाँचखाल नगरपालिकाको एक वडा बाट अर्को वडामा आवत जावत गर्न नपाउने निर्णय गरेको हुनाले देहाय बमोजिम गर्न/गराउनु हुन सबै नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुमा म हार्दिक अनुरोध गर्दछु।

१) पाँचखाल नगरपालिकाले कोरोना (कोभिड १९) को संक्रमण न्यूनीकरण तथा रोकथामका लागि एक वडाबाट अर्को वडामा जान रोक लगाएको छ । नगरको ६२ औ कार्यपालिका बैठकले एक वडाबाट अर्को वडामा जान रोक लगाएको हो । तर तरकारी, दूध, औषधी र खेतबारीमा काम गर्ने कृषकहरुलाई यो लागु हुने छैन । यसमा सम्पूर्ण नगरवासीहरुले सहयोग गर्नुहुनेछ ।

२) लकडाउन भएपनी स्थानीयले नियममा नबसेको तथा धेरै वडाहरुमा केहि भट्टीहरु खुलेको गुनासो आएकोले बैंठकले सम्पूर्ण भट्टी पसल बन्द गर्न निर्देशन दिने निर्णय गरेको छ। मदिराजन्य पसलहरु समेत बन्द गर्न आह्वान गर्दछौं।

३) नगरवासिहरुको सुरक्षामा ध्यान दिदैं वडा भित्र रहेका खाद्यान्न पसलहरु हप्तामा २ दिन सोमबार र शुक्रबार खोल्ने तथा नगरभित्र रहेका होलसेल पसल हप्तामा १ दिन सोमबार मात्र खोल्न पाउने निर्णय भएको छ।

४) बैठकले कोरोना भाइरस नियन्त्रण, रोकथाम एवं सरसफाईमा नगरपालिकाबाट खटिने जनप्रतिनिधि, स्थायी, अस्थायी तथा करारका कर्मचारीको कोरोनाको कारण मृत्यु भएमा निजको परिवारलाई २५ लाख उपलब्ध गराउने निर्णय गरेको छ।

५) नगरभित्र विदेशबाट आएका नागरिकको वडागत बिवरण अध्यावधिक गर्ने तथा ति व्यक्तिहरुको स्वास्थ्यको अवस्थाको बारेमा जानकारी लिने । यदि कोहि वडामा नयाँ मान्छेको प्रवेश भए वडा, नगर वा प्रहरी कार्यालयलाई खबर गर्न हुन अनुरोध गर्दछौं ।

महेश खरेल

नगर प्रमुख

महेश खरेल
नगर प्रमुख